नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि-४४ (पूर्णाङ्क २४९)

## पाठ्यक्रम विकास केन्द्रको सूचना

### सूचना नं. १ : स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री मात्र प्रयोग गर्ने

शिक्षा ऐन २०२८ (संशोधनसहित) को दफा ८ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने व्यवस्था रहेको; शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ३५ अनुसार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यसामग्रीहरूको सूचीमा परेका थप पाठ्यसामग्री वा पाठ्यपुस्तक मात्र प्रयोग गर्नुगराउनु पर्ने व्यवस्था रहेको छ । विभिन्न प्रकाशक, पुस्तक व्यवसायीहरूले पाठ्यसामग्रीमा नेपालको संशोधित मानचित्र समावेश नगरेको, पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सूचीमा नरहेका/स्वीकृति प्रदान नगरिएका र नियमानुसार परिमार्जन र अद्यावधिक नगरी पाठ्यसामग्री प्रकाशन र बिक्रीवितरण गरेको भन्ने गुनासो पाइएकाले यसप्रति पाठ्यक्रम विकास केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ । स्वीकृति प्राप्त पाठ्यसामग्रीहरूमा नेपालको संशोधित नक्सा समावेश नगरी तथा विद्यालय तहको पाठ्यक्रम अनुसार प्रचलित कानुनबमोजिम स्वीकृति प्राप्त गरेर मात्र पाठ्यसामग्रीहरूको प्रकाशन, बिक्रीवितरण र प्रयोग गर्नुपर्ने व्यवस्थाको प्रतिकूल हुने गरी प्रकाशन, बिक्रीवितरण र प्रयोग नगर्नुनगराउनुहुन प्रकाशक, पुस्तक व्यवसायी, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थीलगायत सरोकारवाला सबैलाई अनुरोध छ । प्रचलित कानुनको प्रतिकूल हुने गरी प्रकाशन, बिक्रीवितरण र प्रयोग गरेको पाइएमा प्रचलित कानुनअनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

### सूचना नं. २ : नयाँ नक्सा अनिवार्य रूपमा प्रयोग गर्ने

पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिको मिति २०७८।२।२८ गतेको बैठकबाट लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रसहितको नेपालको नँया सबै कक्षाका पाठ्यपुस्तकका सम्बन्धित पेजहरूमा अनिवार्य रूपमा राख्नेपर्ने नेपाल सरकारको निर्णयानुसार जनक शिक्षा सामग्री केन्द्र र अन्य प्रकाशकहरूबाट छपाइ भइसकेका तर पुरानो नक्सा रहेका पाठ्यपुस्तकहरूका सम्बन्धित पेजहरूमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नयाँ नक्सा समावेश गरी उक्त पेजहरू पुनः छपाइ गरी विक्रेताहरूमार्फत तत्काल सम्पूर्ण विद्यालयहरूमा अनिवार्य रूपमा पुऱ्याउने व्यवस्था गर्ने निर्णय भई आएकाले सम्बद्ध प्रकाशक तथा वितरकहरूले सोहीअनुसार गर्नगराउनुहुन तथा अन्यथा भएको पाइएमा प्रचलित ऐनकानुनअनुसार कारबाही हुने व्यहोरा सम्बद्ध सबैमा जानकारी गराइएको छ ।

### सूचना नं. ३ : तोकिएको पाठ्यक्रम संरचना र सिकाइको माध्यम भाषा प्रयोग

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ नेपाल सरकाबाट मिति २०७६।५।२० मा स्वीकृत भई शैक्षिक वर्ष २०७७ मा कक्षा १ र ११ मा र शैक्षिक वर्ष २०७८ मा कक्षा २, ३, ६ र १२ मा नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु भएका छन् । सम्बन्धित कक्षाको पाठ्यक्रम र पठनपाठन हुने विषयका सन्दर्भमा विद्यालयहरूलाई जानकारी भएकै होला । राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप र स्वीकृत पाठ्क्रमअनुसार समाजिक अध्ययन र मानवमूल्य शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुको पठनपाठनका लागि पाठ्यसामग्री र माध्यम नेपाली भाषा हुने व्यवस्था गरिएको छ । यस्ता विषयका पाठ्यसामग्री अङ्ग्रेजी माध्यममा यस केन्द्रबाट स्वीकृत नभएको समेत अनुरोध छ ।

## पूर्व साबधानी र उच्च सतर्कता अपनाउने सम्बन्धमा ।

**श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सबै ।**

विश्वव्यापी रूपमा देखापरेको कोभिड-१९ को प्रभावसँगै विद्यालय तहको प्रत्यक्ष पठन पाठन नभएका कारण हाल मुलुकका अधिकांश विद्यालयहरू नियमित रूपमा सञ्चालन हुन नसकेको अवस्थामा अबको केही दिनभित्रै नेपालमा पनि मनसुन भित्रिने र मनसुनको प्रभावका कारण यस वर्ष मुलुकभरी नै औषत भन्दा बढी वर्षा हुनसक्ने भनी मौसमविदहरूबाट सार्वजनिक भइरहेको व्यहोरा अवगत नै छ । यस सम्बन्धमा गत विगत वर्षहरूमा पनि वर्षाका कारण विद्यालयहरूमा विभिन्न खालका मानवीय एवं भौतिक क्षति भएको अवस्थालाई मध्यनजर गर्दै यस वर्ष पर्न सक्ने अत्यधिक वर्षाका कारण बाढी, पहिरो र डुबान आदि जस्ता जोखिम रहन सक्ने हुँदा खोला-नाला, ताल-तलौया, नदी, पोखरी आदि नजिक रहेका वा गहिरो प्रकृतिको जमिन/खोंचमा अवस्थित विद्यालयहरूमा पानी पसेर अफिस तथा कक्षाकोठा भित्रका कार्पेट, पुस्तक, पत्र-पत्रिका, स्टेसनरी, शैक्षिक सामग्री लगायतका सामग्रीहरूमा क्षति हुनुका साथै कक्षाकोठा, भवन खेलमैदान, घेरावार, शौचालय, खानेपानी लगायतका भौतिक संरचनामा क्षति पुग्ने सम्भावना रहेकाले यस प्रकृतिको जोखिम कायम रहेका तहाँ प्रदेश/स्थानीय तह/जिल्ला मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पूर्व सावधानी र उच्च सतर्कता अपनाउन आवश्यक व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७८।०२।२४ को निर्णय अनुसार अनुरोध छ ।

## शैक्षिक कार्यक्रम 'शिक्षाको चौतारी' प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक कार्यक्रम **"शिक्षाको चौतारी"** हरेक मङ्गलबार बेलुकी ७:०० बजेदेखि ७:२५ बजेसम्म नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट प्रसारण भइरहेको जानकारी गराउँछौं। यस कार्यक्रममा नीतिनिर्माता, व्यवस्थापक र अनुसन्धानकर्ताहरू बीच समसामयिक शैक्षिक विषयमा परिसंवाद तथा अन्तर्वार्ता र यसका साथै पालैपालो गरी सातै प्रदेश अन्तर्गतका जिल्लाहरूमा अवस्थित विभिन्न सामुदायिक विद्यालयहरू र शैक्षिक सङ्घ संस्थाका असल अभ्यास, सुधारका प्रयास, अनुसरणीय गतिविधि समेत प्रसारण भइरहेको छ। प्रस्तुत शिक्षाको चौतारी कार्यक्रम सम्बद्ध सबैले हेरी यसका सकारात्मक पक्षको अनुसरण/उपयोग/प्रयोग गर्नुहुन समेत सबैमा जानकारीका लागि अनुरोध छ।
प्रसारित कार्यक्रम यस केन्द्रको YoutubeChannel,NCED virtual मा समेत हेर्न सकिनेछ। यस कार्यक्रमका सम्बन्धमा यहाँहरूका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल मार्फत पठाउन सक्नुहुनेछ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com। साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं।

## साविकको कक्षा ११-१२ (उच्च मा.वि) को दरबन्दी तथा अनुदान एकीन गरी पठाउने सम्बन्धमा

**श्री शिक्षा विकास तथा समन्वय इकाइ,**
**सबै ।**

प्रस्तुत विषयमा ताहाँ जिल्ला अन्तर्गतका स्थानीय तहहरूमा रहेका साविकको उच्च माध्यमिक कक्षा सञ्चालित विद्यालयहरूलाई प्रदान गरिएको शिक्षक दरबन्दी तथा अनुदानको विवरण एकीन गरी १५ दिन भित्र पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | स्थानीय तहको नाम | साविकको उच्च माध्यमिक तहमा वितरित (+२ तर्फ) दरबन्दी संख्या | साविकको उच्च माध्यमिक तहमा वितरित (+२ तर्फ) अनुदान संख्या | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## सम्पर्क राख्न आउने बारेको शिक्षा विकास तथा समन्वय इकाई स्याङ्जाको अत्यन्त जरुरी सूचना !!

स्याङ्जा जिल्ला भिरकोट नगरपालिका वडा नं. ३ स्थायी घर भई हाल स्याङ्जा जिल्ला भिरकोट नगरपालिका वडा नं. २ स्थित दिपज्योति आधारभूत विद्यालय केघाको प्राथमिक तृतीय श्रेणीको दरबन्दीमा कार्यरत स्थायी शिक्षक तपाई भोजेन्द्र गुरुङ मिति २०७७/०९/०५ गतेदेखि विना सूचना विद्यालयमा अनुपस्थित रहनु भएकोमा विद्यालयबाट पटक पटक हाजिर हुन आउन पत्राचार गर्दा पनि हाजिर हुन नआउनु भएकाले यो सूचना प्रकाशित गरिएको मितिले १५ दिनभित्र चित्त बुझ्दो स्पष्टीकरण सहित यस इकाईमा सम्पर्क राख्न आउनु हुन जानकारी गराइन्छ। अन्यथा प्रचलित शिक्षा ऐन नियमानुसार हुनेछ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

## सुरक्षा व्यवस्था तथा सरसफाई सेवा करार सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०७८।०३।०१**

यस केन्द्रको मिति २०७८/०२/२८ गतेको निर्णयानुसार आ.व. २०७८/७९ का लागि आवश्यक पर्ने सुरक्षा सम्बन्धी र सरसफाइ सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्नुपर्ने भएकाले इच्छुक कम्पनी, फर्म वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्रौं) दिनको कार्यालय समयभित्र नियमानुसार लाग्ने दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न र १६(सोहौं) दिन दिनको १२:०० बजेभित्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण यस केन्द्रको सूचना पाटी तथा वेबसाइट http:\\www.doe.gov.np मा हेर्न सकिने छ।

## नि:शुल्क पाठ्यपुस्तक अनुदान निकासा सम्बन्धमा ।

**श्री सामाजिक विकास मन्त्रालय, ७ वटै प्रदेश**
**श्री स्थानीय तह, ७५३ वटै**
**श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै**

चालु आ.व. २०७७।०७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्लास्तर ब.उ.शि.नं. ३५०००८०१ क्रियाकलाप नं २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान रकम व्यवस्थापन गर्ने गराउने सन्दर्भमा विद्यालयबाट एकिन भई आएको विद्यार्थी संख्याका आधारमा जम्मा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई पुग्ने गरी दोस्रो चौमासिकभित्र विद्यालयलाई निकासा दिने र २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम चालु आ.व.को आषाढभित्र थप अनुदान निकासा दिने भनी उल्लेख भएकोमा २०७८ सालको शैक्षिक सत्र आषाढ १ गतेदेखि मात्र प्रारम्भ हुने र त्यसपछि भर्ना भएका विद्यार्थीहरूको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको प्रक्रिया अगाडि बढाउँदा चालु आ.व. समाप्त हुने भएकाले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या यकिन हुन नसकेमा शैक्षित्र सत्र २०७७ को भर्ना संख्यालाई आधार मानी निःशुल्क पाठ्यपुस्तक बापतको सतप्रतिशत अनुदान विद्यालयमा निकासा दिई सबै बालबालिकाहरूका लागि निःशुल्क पाठ्यपुस्तक सुनिश्चत हुने आवश्यक व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७८।०२।२५ को निर्णय अनुसार अनुरोध छ ।

## शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक रेडियो कार्यक्रम प्रशारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार बेलुकी ७:४० बजेदेखि र शनिबार बेलुका ७:३० बजेदेखि १५ मिनेटसम्म रेडियो नेपालबाट प्रसारण भइरहेको जानकारी गराउँदछौं। शैक्षिक रेडियो कार्यक्रम यस प्रकार प्रसारण हुने भएकाले नियमितरूपमा सुनिदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्रदेखि विद्यालयसम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/नियम, निर्देशिका, कार्यविधि र कार्य ढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण, लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट जस्ता कार्यक्रम प्रसारण गरिनेछ।
- त्यसैगरी प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित नाटक तथा छलफल, लघुनाटक, सामाजिक, साँस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल, समसामयिक कुराकानी, सचेतनामूलक सन्देश, स्रोता प्रतिक्रिया तथा जिज्ञासा आदि प्रसारण गरिनेछ।

यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ। कार्यक्रमका सम्बन्धमा तपाइँ श्रोताका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल पनि गर्न सक्नु हुनेछ।
हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com
साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन यहाँहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं।

## श्रव्यदृश्य शाखाको टेलिभिजन तथा रेडियो एफ.एम.बाट प्रसारण हुने श्रव्यदृश्य एवं श्रव्य पाठ प्रशारण सम्बन्धी जानकारी

**१. श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी जानकारी :**

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १-८ का विषयगत श्रव्यदृश्य पाठहरू नेपाल टेलिभिजनको NTV+ च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १-१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्।
श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिने व्यवस्था मिलाइएको छ।
कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू यस केन्द्रको Youtube Channel,www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।
केन्द्रको Youtube Channel मा कक्षा १ देखि १० सम्मका १६०० भन्दा बढी विषयगत श्रव्यदृश्य पाठहरू समावेश गरिएका छन् भने १ लाख ३० हजारभन्दा बढी Suscribers रहेका छन्। यस च्यानलका ९० लाखभन्दा बढी Views रहेका छन्। हाल प्रतिमहिना ९ लाखभन्दा बढी विद्यार्थीहरूले ४८ हजार घन्टाभन्दा बढी समय उक्त च्यानलको प्रयोग गरेका छन्। सम्बन्धित विद्यार्थी तथा शिक्षकहरूले उक्त च्यानललाई Suscribe गरी र Bell Icon मा click गरी नयाँ Video हरूको Notification पाउन सक्नुहुनेछ।
यस केन्द्रको शिक्षाको चौतारी (Education Portal), Learning.cehrd.edu.np मा प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्मका विषयगत डिजिटल अन्तर्क्रियात्मक सिकाइ सामग्रीहरू (Digital Interactive Learning Materials) को प्रयोग गरी लाभ लिनुहुन सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई अनुरोध गरिन्छ। त्यसैगरी यस केन्द्रको पहलमा विकास गरिएको Mobile App, eClass Nepal आफ्नो मोबाइल (Android) मा Install गर्नुहुन र App मा समावेश गरिएका कक्षा १ देखि १० सम्मका शिक्षण पाठहरू, पाठ्यपुस्तक, नमुना प्रश्नपत्र आदि हेरी त्यसबाट लाभ लिनुहुन समेत अनुरोध गरिन्छ।

**२. श्रव्य पाठ प्रसारण सम्बन्धी जानकारी:**

कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू रेडियो नेपालबाट शनिबार बाहेक प्रत्येक दिन बिहान १०:१५ देखि १०:४५ बजेसम्म र दिउँसो २:१५ देखि २:४५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेको छ। त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बीचको सहकार्यमा देश भरका करिब २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० बजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० बजेसम्म प्रसारण भइरहेको छ।
श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ।
यसरी प्रसारित श्रव्यदृश्य तथा श्रव्य पाठहरूबाट सम्बन्धित सबै विद्यार्थीले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ।